जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १४७ | २०७८ साल पुस २३ गते शुक्रबार (7 Jan. 2022 Friday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : ६ महिनामा सात लाख ... ३ पृष्ठमा : प्रदेश नं २ मा दुई लाख १३ ... ३ पृष्ठमा भारतमा ओमिक्रोनबाट ...

# कोशीपीडितद्वारा मुआब्जा र क्षतिपूर्तिका लागि पहल गर्न प्रधानमन्त्रीसँग माग




**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

कोशी पीडितहरुले भारत सरकारसँग भएको कोशी सम्झौता अनुसारको मुआब्जा र क्षतिपूर्तिका लागि पहल गर्न प्रधानमन्त्रीसँग माग गरेका छन् ।

तीन पुस्तासम्म पनि मुआब्जा नपाएका उनीहरुले पटक पटक आन्दोलन, आमरन अनशन लगायतका कार्यक्रमहरु गर्दा पनि मुआब्जा पाउन सकेका छैनन् ।

कोशी नदी कटान, डुवान पीडित संघर्ष समिति सुनसरी, उदयपुर, सप्तरीद्वारा बिहीबार राजविराजमा आयोजित पत्रकार सम्मेलनमा नेपाल-भारतबीच २०११ बैशाख १२ गते भएको कोशी सम्झौता अहिलेसम्म पनि कार्यान्वयन नभएको गुनासो पोखेको छन् ।

पत्रकार सम्मेलनमा समितिका संयोजक महिदेव चौधरीले तत्कालिन राष्ट्र प्रमुख स्व. राजा महेन्द्र र भारतका तत्कालिन प्रधानमन्त्री जवाहरलाल नेहरुको उपस्थितिमा कोशी सम्झौता भएको उनले जानकारी दिँदै सप्तकोशी ब्यारेज निर्माणका क्रममा सुनसरीको चतरा, उदयपुरको कमलाबारी बेगिदेखी सप्तरीको रम्पुरा मल्हनिया र गोबरगाढा लगायत क्षेत्रमा आवादी जग्गा डुवानमा पर्ने गरेको सुनाए ।

संयोजक चौधरीले तीन पुस्तासम्म पनि कोशी कटान पीडितले क्षतिपूर्ती नपाउनुमा नेपाल सरकारको कमजोरी रहेको आरोप लगाउँदै भने, "सरकारकै कमजोरीका कारण हाम्रा बुबाले पाएनन्, मैले पनि पाइन्, छोराले पनि पाउने लक्षण छैन ।"

कोशी पीडितहरुको एक टोली काठमाडौं पुगि बिहीबारै प्रधानमन्त्रीको कार्यालयमा ९ बुँदे ध्यानाकर्षण पत्र समेत बुझाएको उनले जानकारी दिए ।

यस्तै पत्रकार सम्मेलनमा समितिका वरिष्ट सहसंयोजक ज्योति झाले १२ हजार घर परिवारलाई १ लाख ५६ हजारका दरले बार्षिक ९० करोड रुँपैया भारत सरकारले कोशी कटान पीडितलाई प्रदान गर्नुपर्ने देखिएको बताए ।


उनले भारत सरकारले कोशी कटानमा परेका जग्गाको मुआब्जा र क्षतिपूर्तिको विषयमा २०१२ जेठ १५ गते नयाँदिल्लीमा नेपाल भारतका मन्त्रीस्तरिय संयुक्त बैठकले आवश्यक निर्णय लिएपनि उक्त निर्णयको पालना नभएको स्मरण गराए ।

उनले कोशी सम्झौता अनुसार सो क्षेत्रका नागरिकलाई कोशी योजनामा जागिर दिनुपर्ने, कोशी पीडित परिवारका लागि विद्यालय र अस्पताल खोल्नु पर्ने उल्लेख भएपनि कुनैको पालना नभएको गुनासो पोखे ।

मुआब्जा र क्षतिपूर्तीका लागि दशकौंदेखी संघर्षरत कोशी पीडितहरुले तीन पुस्ता बितिसक्दा पनि अझै मुआब्जा पाउन नसकेको भन्दै उनीहरुले प्रधानमन्त्री कार्यालयमा बुझाएको ९ बुँदे ध्यानाकर्षण पत्रमा नेपाल भारतबीच भएको सम्झौता अविलम्ब कार्यानवयन हुनु पर्ने, भारत सरकारले अधिग्रहण गरेको जग्गा तथा कोशीले नष्ट गरेको हजारौं विगहा अन्नबालीको मुआब्जा र क्षतिपुर्ती उपलब्ध गराउनु पर्ने उल्लेख गरिएको छ ।

पत्रकार सम्मेलनमा समितिका सचिव काशिम अन्सारी, सदस्य दुर्गानन्द चौधरी, अजित ठाकुर लगायतले पनि कोशी पीडितको समस्या समाधान गर्न सरकारले अविलम्ब पहल गर्नुपर्ने माग गरेका थिए ।

# वेपत्ता उपाध्यायको अवस्था पत्ता लगाईदिन आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

राजविराज नगरपालिका वडा नं. ५ का ६५ वर्षिय शम्भुप्रसाद उपाध्याय पुस १७ गते शनिबार बिहान ७ बजेतिर वेपत्ता भएका छन् ।

उनी वेपत्ता भएकै दिन साँझ श्रीमती बिमलाले पतिको खोजतलासका लागि जिल्ला प्रहरी कार्यालयमा निवेदन समेत दिँदा आजसम्म उनको अवस्था पत्ता लाग्न सकेको छैन् ।

परिवारजनले राती अबेरसम्म उनी फर्केर नआउदा आफ्नो स्तरबाट पनि खोजतलास सुरु गरे पनि अहिलसम्म उनको अतोपत्तो नलागेको श्रीमती बिमलाले सुनाइन् ।

वडा सदस्य गंगासागर गुप्ताले निजको केही दिनयता मानसिक अवस्था ठिक नरहेको जानकारी आफूहरुलाई प्राप्त भएको बताउँदै यतिका दिन बितिसक्दा पनि उनको अवस्था पत्ता नलाग्नु चिन्ताको विषय भएको बताए ।

पतिको अवस्था पत्ता लगाउने कार्यमा सहयोग गरिदिन संचारकर्मी र अधिकारकर्मीलाई पत्नी बिमलाले आग्रह गरेकी छिन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले उपाध्यायको अवस्था पत्ता लगाउन कुनै कसर बाँकी नराखेको र मातहतका सबै प्रहरी कार्यालयमा निजको हुलिया विवरण पठाई खोजतलास तिब्र बनाएको जनाएको छ ।

# ग्लोबल बैंक र रावि नगरपालिकाबीच डिजिटल अभियानका लागि समझदारी

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**


ग्लोबल आइएमई बैंक राजविराज शाखा र राजविराज नगरपालिकाबीच डिजिटल अभियान सहकार्य सम्बन्धका लागि बिहीबार समझदारी भएको छ ।

बैंक र राजविराज नगरपालिकाबीच भएको उक्त समझदारीमा बैंकका तर्फबाट शाखा प्रमुख मनिष महासेठ



तथा नगरपालिकातर्फबाट नगर प्रमुख शम्भुप्रसाद यादवले हस्ताक्षर गरेका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

### वनजंगलप्रति गम्भिर बनौं

हरियो वन नेपालको धन आज मासिंदै गएको छ । हाम्रो मुलुक जलश्रोतको दोश्रो धनी मुलुक हो, वनजंगलले ढाकिएको राष्ट्र हो र कृषि प्रधान देश पनि हो । तर अहिले सोको अवस्था कहालिलाग्दो रहेको छ । नदीनालाले भरिएको देशमा किसानले पर्याप्त सिँचाई सुविधा पाएका छैनन्, खेतीयोग्य हरिया खेतवारी खडेरीको रुपमा परिणत भइरहेको छ ।

नदीनालाहरुबाट पर्याप्त विजुली उत्पादन गरेर आफु उपयोग गर्ने सामर्थ रहेपनि वर्षायाममा सिँचाईको अभाव हुने गरेको छ । वनजंगल मासिंदै गइरहेको छ, वनतस्करहरु हाम्रा जंगल उजाड बनाउँदैछन् । खेतियोग्य जग्गामा सिँचाई हुन पाइरहेको छैन । नहर छ तर व्यवस्थित छैन । नहरको आवश्यकता छ, तर निर्माण र मर्मत भईरहेको छैन । किसानहरु वर्षा अभावका कारण जेनतेन अन्य उपायबाट केहीले आंशिक रोपाई गरेपनि सिँचाईको समुचित व्यवस्था भने गर्न सकिएको छैन । धान निर्यात गर्ने नेपालले भारतबाट आयात गर्नु परिरहेको यथार्थ छ ।

हाम्रा प्राकृतिक श्रोत र साधनको हामीले समुचित उपयोग र संरक्षण गर्न सकिरहेका छैनौं । हाम्रो देशको यो अवस्था कसरी आयो ! राजनीतिक दलहरु यस विषयमा कहिले गम्भिर भएनन् मात्र राजनीतिक दाउपेचमा अडकिने गर्छन् । तसर्थ यो विषयप्रति मुलुकका सम्पूर्ण राजनीतिक दलहरु गम्भिर हुनु आवश्यक रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# ६ महिनामा सात लाख चालक अनुमतिपत्र छापिने

काठमाडौँ, २२ पुस (रासस) ।

यातायात व्यवस्था विभागले सात लाख चालक अनुमतिपत्र आगामी छ महिनाभित्र छापिसक्ने जनाएको छ ।

लामो समयसम्म विभिन्न कारण चालक अनुमतिपत्र नियमित छपाइ हुन सकेको थिएन । अहिले दैनिक तीन 'सिफ्ट' मा छाप्न थालिएको विभाग प्रवक्ता डा लोकनाथ भुषालले बताउनुभयो । अबको छ महिनामा अनुमतिपत्र छापिसकेर सम्बन्धित कार्यालयमा पठाइसकिने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "यसअनुसार नै काम भइरहेको छ ।"

अहिले दैनिक १० हजारका दरले अनुमतिपत्र छापिरहेको उहाँले जानकारी दिनुभयो । 'मास प्रिन्टर' को क्षमताअनुसार नै छापिरहेको छ । विभागमा हाल सञ्चालनमा रहेको 'प्रिन्टर' ले १० मिनेटमा चार अनुमतिपत्र छाप्नसक्छ । अहिले विभागमा एउटा मात्रै 'प्रिन्टर' रहेको र त्यसमा समस्या आउदा काम रोकिनसक्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "प्रिन्टरमा समस्या नआउँदा हामीले लक्ष्य लिइएको समयसम्म छापिइसक्न समस्या हुँदैन ।"

विभागले पहिलो चरणमा काठमाडौँ उपत्यकामा रहेका कार्यालयका अनुमतिपत्र छाप्न थालेको छ । उपत्यकाभित्र एकान्तकुनासँगै चावहिल, ठूलो भन्याङ र भक्तपुरको जगाती कार्यालयका अनुमतिपत्र अहिले छापिरहेको छ ।

ती कार्यालयमध्ये पनि पहिलो चरणमा एकान्तकुना कार्यालयको छापिरहेको उहाँले बताउनुभयो । उपत्यकामा कार्यालयको छापिइसकेर मात्रै उपत्यका बाहिर रहेका २१ कार्यालयको छापिनेछ । उहाँले भन्नुभयो, "पहिले बढी चाप भएका कार्यालयको छापेर विस्तारै कम चाप भएका कार्यालयको छापिनेछ ।"

गत महिनामा मात्रै नयाँ कार्ड आएपछि छपाइलाई तीव्रता दिइएको हो । नयाँ आएको कार्ड विभागकै प्रयोगशालामा परीक्षण गर्दा समस्या नआएको प्रवक्ता डा भुषालले जानकारीदिनुभयो । विभागले १४ लाख कार्ड खरिद गरेकामा चालू आवमा र आगामी आवको केही महिनासम्म समस्या नआउने देखिएको छ । छाप्न बाँकी सात लाख र विभागले लिएको अनलाइन फारमका आधारमा अझै झण्डै चार लाख परीक्षामा सहभागी हुनबाँकी छ ।

उहाँले भन्नुभयो, "अहिले नियमित परीक्षा भइरहेकाले सङ्ख्या घटिरहेको छ ।"परीक्षामा सहभागीमध्ये झण्डै २५ देखि ३० प्रतिशत मात्रै पास हुने गरेका छन् । त्यसका आधारमा पनि तत्कालअनुमतिपत्र अभाव नहुने र आगामी वर्षका लागि पनि समयमै तयारीमा लागिने उहाँले बताउनुभयो ।

व्यवस्थापन सहज हुन नसक्दा वर्षौंदेखि सेवाग्राहीले समयमै चालक अनुमतिपत्र पाउन सकेका छैनन् । दुई वर्ष पहिलेसम्म छपाइ गर्ने उपकरण (प्रिन्टर)को क्षमता कम भएकाले सेवाग्राहीले वर्षौंसम्म कुर्नुपरेको थियो । पछिल्लो समय अनुमतिपत्र छाप्ने कार्ड नभएकाले अनुमतिपत्र छपाइ सुस्त थियो । विभागले दुई वर्ष पहिले माघमा फ्रान्सको (सेल्प सास) कम्पनीसँग १४ लाख कार्ड खरिद गने गरी सम्झौता गरेको थियो ।

सम्झौताअनुसार नै नमूना खाली कार्ड (स्याम्पल ब्ल्याङ्क कार्ड) विभागमा रहेको सफ्टवेयरमा परीक्षण गरिएका थियो । 'पर्सनलाइजेसन' मा समस्या देखिएकाले कार्ड आउन झण्डै डेढ वर्ष लागेको थियो । यसअघि 'मास प्रिन्टर' र कार्ड एउटै कम्पनीबाट हुँदा छपाइमा समस्या नआए पनि फरक कम्पनी हुँदा समस्या आएको हो । कम्पनीले नमूना कार्ड पठाएकामा त्यसको परीक्षण सफल भएपछि सोही कार्ड नियमित छपाइ थालिएको हो ।

गत वर्ष बन्दाबन्दीको समयमा विभागले तीन सिफ्टमा अनुमतिपत्र छपाइ गरेको थियो । अहिले पनि विभागले तीन 'सिफ्ट' मा छपाइ भइरहेको छ । विभागले विगतका वर्षमा आकस्मिक छपाइ मात्रै गरिरहेकोथियो । मिसनमा जाने प्रहरी, सशस्त्र प्रहरी, विदेशमा अध्ययन वा रोजगारीका लागि जाने, केही विशेष छपाइ अनुरोध गरेकालाई मात्रै अनुमतिपत्र दिइएको थियो ।

काठमाडौँ उपत्यकाका तीन जिल्ला प्रशासन कार्यालयले वैशाख १६ देखि निषेधाज्ञा जारी गरेसँगै विभागले अनलाइनमार्फत फारम भर्न स्थगित गरेको थियो । अघिल्लो वर्ष बन्दाबन्दीको समयमा फारम स्थगित गरिएकामा गत माघ महिनामा खुलाइएको थियो । झण्डै चार महिना फारम खुलेकामा पुनः स्थगित गरिएको थियो ।

नेपालमा विसं २०७२ पुसमा मा 'स्मार्ट' चालक अनुमतिपत्र एकान्तकुनास्थित कार्यालयबाट सुरु भएको थियो । एशियाली विकास बैंकको सूचना र सञ्चारप्रविधि (आइसिटि) परियोजनअन्तर्गत भएको सम्झौताका आधारमा चार छपाइ उपकरण (प्रिन्टर) र तीन लाख ५० हजार कार्ड खरिद गरिएको थियो ।

यसपछिका वर्षमा उपत्यकामा रहेका अरु यातायात कार्यालयमा उक्त प्रणाली विस्तार गरिएको थियो । आव २०७३/७४ मा ठेक्कामार्फत नै सात लाख ५० हजार कार्ड र चार थान छपाइ उपकरण खरिद गरिएको थियो ।

प्रतिघण्टा ६० कार्ड मात्र छाप्ने क्षमताका उपकरणका कारण छपाई सुस्त थियो । उपकरणकै कारण ढिलाइ भएकाले विभागले विसं २०७६ मा धेरै सङ्ख्यामा एकै पटक कार्ड छाप्न सक्ने उपकरण खरिद गरेको थियो । मदरास सेक्युरिटि पिन्टिङबाट खरिद गरिएको उपकरणको क्षमता प्रतिघण्टा ४५० कार्ड छाप्ने छ ।

देशभरका सबै कार्यालयबाट 'स्मार्ट' कार्ड लागू भएपछि झण्डै आठ लाख कार्ड छाप्न बाँकी थियो । विसं. २०७६ चैतदेखि सरकारले लागू गरेको बन्दाबन्दीको समयमा विभागले सबै अनुमतिपत्र छापिसकेको थियो । त्यति बेलासम्म विभागसँग छाप्न बाँकी (खाली) कार्ड झण्डै दुई लाख मात्र रहेकामा विसं २०७६ फागुनमा थप १४ लाख कार्ड खरिदका लागि प्रक्रिया अघि बढाइएको थियो । कोभिडका कारण केही समय प्रक्रियाअघि बढ्न नसकेकामा गतवर्ष साउनमा पुनः प्रक्रिया अघि बढाएर फ्रान्सेली कम्पनीसँग कार्ड खरिदको सम्झौता भएको थियो । संविधानअनुसार तीन तहका सरकारको अधिकारक्षेत्र तोकिँदा यातायात क्षेत्र तीनै तहको साझा अधिकार क्षेत्रमा परेको छ ।

एक स्थानीय तहभित्र चल्ने सवारीसाधनको व्यवस्थापनको जिम्मेवारी पालिका, दुई वा त्योभन्दा बढी पालिकामा चल्नेको प्रदेश र अन्तरप्रदेश चल्ने सवारीसाधनको व्यवस्थापनको जिम्मेवारी सङ्घीय सरकारको हुने उल्लेख छ । प्रदेश कार्यालयले अनुमतिपत्रको परीक्षा सञ्चालन, नवीकरण र वितरण गर्दै आएको छ । सङ्घीय सरकारमा अनुमतिपत्र छपाइ र सफ्टवेयर छ । फरक सरकारबीच समन्वय नहुँदा समय समयमा सेवाग्राहीले समस्या भोग्दै आएका छन् । प्रविधिमैत्री 'स्मार्ट' चालक अनुमतिपत्र सुरु भएदेखि नै समस्या आइरहेको छ । कहिले प्रविधि त कहिले व्यवस्थापनमा समस्या हुँदा सेवाग्राही मारमा परेका हुन् ।

# जापानबाट रु १० अर्ब ३९ करोड ऋण सहायता स्वीकार

काठमाडौँ, २२ पुस (रासस) ।

नेपालको आर्थिक वृद्धि तथा उत्पादनशीलताका लागि जापान सरकारबाट रु १० अर्ब ३९ करोड नीतिगत ऋण सहायता प्राप्त हुने भएको छ ।

मन्त्रिपरिषद्को यही पुस २१ गतेको बैठकले उक्त सहायतालाई स्वीकार गर्ने निर्णय गरेको हो । सो बैठकका निर्णय सार्वजनिक गर्न बिहीबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सो जानकारी दिनुभएको हो ।

बैठकले प्रहरीको उच्च मनोबल वृद्धिका लागि प्रहरी ( नवौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने, राष्ट्रिय अनुसन्धान विभागको अतिरिक्त मुख्य अनुसन्धान निर्देशकमा यदुलाल खरेल यही पुस २३ गतेदेखि लागू हुने गरी नियुक्त गर्ने, चालु आर्थिक वर्षका लागि उखुको न्यूनतम् खरिद मूल्य प्रतिक्विन्टल रु ५२० निर्धारण गर्ने निर्णय पनि गरेको छ ।

यस्तै नेपाल विद्युत् प्राधिकरणका लागि विभिन्न वितरण केन्द्र र प्रसारण लाइन आयोजनाका लागि जग्गा प्राप्ति गर्न प्रारम्भिक काम कारबाही गर्ने, गृह मन्त्रालयका लागुऔषध नियन्त्रण शाखाका प्रमुख र सबै जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीलाई लागुऔषध नियन्त्रण अधिकारी तोक्ने, एसिड आक्रमणबाट पीडित मुस्कान खातुनलाई रु तीन लाख आर्थिक सहायता दिने निर्णय भएको मन्त्री कार्कीले जानकारी दिनुभयो ।

उहाँले दार्चुला जिल्लाको महाकाली नदीमाथि नेपाल भारत जोड्ने मोटरेबल पुल निर्माण गर्न साझेदारी पत्रमा हस्ताक्षरका लागि स्वीकृति दिइएको, राष्ट्रिय युवा परिषद्को उपाध्यक्षमा झापाका सुरेन्द्र बस्नेतलाई नियुक्ति दिने, वन क्षेत्रमा कार्बन सञ्चितिको पहिचानसम्बन्धी अनुसन्धानका लागि रुख कटान गर्दा राष्ट्रिय प्राथमिकता प्राप्त र ठूला आयोजनाका क्षेत्रभित्र पर्ने रुख कटानलाई पहिलो प्राथमिकता दिने निर्णय बैठकले गरेको जानकारी दिनुभयो ।

नेपाल राजपत्रको नियमित अङ्क हरेक हप्ताको सोमबार र बिहीबार प्रकाशन, गोरखापत्रलाई गोदाम भवनका लागि जग्गा प्राप्त गर्न स्वीकृति दिने र राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव कृष्णबहादुर राउत विशिष्ट श्रेणीमा बढुवा गर्ने निर्णय पनि बैठकले गरेको मन्त्री कार्कीले बताउनुभयो ।

एक प्रश्नको जिज्ञासामा मन्त्री कार्कीले सरकारले जानकारी दिनुपर्ने विषयवस्तुलाई जानकारी दिएको, निर्णय गोप्य नराखिएको र सूचनाको हकप्रति सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो ।

# प्रदेश नं २ मा दुई लाख १३ हजार मतदाता थपिए

जनकपुर, २२ पुस (रासस)।

निर्वाचन आयोगले पछिल्लोपटक सुरु गरेको फोटोसहितको मतदाता नामावली सङ्कलन अभियानमा प्रदेश नं २ मा दुई लाख १३ हजार मतदाता थपिएका छन्। तीमध्ये धनुषामा ३८ हजार ३४४ र सिरहामा २९ हजार २७८ मतदाता थपिएका हुन्/।

निर्वाचनलाई लक्ष्य गरेर गत मङ्सिर १७ देखि पुस १८ गतेसम्म सञ्चालित एक महिने मतदाता नामावली सङ्कलन अभियानअन्तर्गत सो सङ्ख्यामा मतदाता थपिएको जनकपुरधामस्थित प्रदेश नं २ को प्रदेश निर्वाचन कार्यालयले जनाएको छ।

स्थानीय तह निर्वाचनको मिति घोषणा गर्ने तयारी भइरहँदा धनुषामा फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराउन आउनेको सङ्ख्या बढ्दै गएको छ। यतिखेर धनुषाको गाउँ-गाउँबाट सर्वसाधारण फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराउन जनकपुरधामस्थित प्रदेश नं २ को प्रदेश निर्वाचन कार्यालय आउन थालेका छन्। गाउँ-गाउँबाट फोटो खिचाउन आउनेको सङ्ख्या ह्वातै बढेपछि प्रदेश निर्वाचन कार्यालयमा भीड बढ्दै गएको छ। "कार्यालय नखुल्दै गेटमा ठूलो सङ्ख्यामा सर्वसाधारणको भीड लागिसकेको हुन्छ", प्रदेश निर्वाचन कार्यालय जनकपुरका सूचना अधिकारी कृष्ण राउतले भन्नुभयो, "दैनिकजसो सर्वसाधारणको भीड बढ्दै जाँदा काम गर्न असजिलो भइरहेको छ, तैपनि हामी मतदाता नामावली सङ्कलनको कार्य गर्दै आएका छौं।"

कार्यालयमा तीन/चारवटा कम्प्युटरबाट फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गर्दै आएको सूचना अधिकारी राउतको भनाइ छ। दैनिक ६०० देखि ७०० जनासम्म फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराउन आउने गरेको प्रदेश निर्वाचन कार्यालय जनकपुरका प्रमुख पुष्पा झाले जानकारी दिनुभयो। २०७४ सालको निर्वाचनपछि लामो समयसम्म स्थानीय तहमा मतदाता नामावली सङ्कलन अभियान सञ्चालन गर्न नसकेको, कोभिड-१९ सङ्क्रमणको त्रास, विदेशबाट युवाहरू फर्किने क्रम बढेको तथा स्थानीय तहको निर्वाचन नजिकिएकोलगायतका कारणले मतदाता नामावलीमा नाम दर्ता गराउन आउनेको सङ्ख्या बढेको उहाँको भनाइ छ।

यसका साथै फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराउन छुट भएका सर्वसाधारणलाई स्थानीय तहका जनप्रतिनिधि र राजनीतिक दलका नेताले पनि गाउँ-गाउँबाट पठाउने गरेका छन्। मतदाता नामावली नाम दर्ता नभए आगामी निर्वाचनमा मत खसाल्न नपाइने र आफ्नो पक्षको मतदाता घट्नसक्ने भएकाले जनप्रतिनिधि र राजनीतिक दलका प्रतिनिधि गाउँ-गाउँबाट फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराउन पठाउने गरेको प्रमुख झाको भनाइ छ।

उहाँले थपिएका मतदातासँगै धनुषामा कूल चार लाख ६३ हजार ३९७ मतदाता पुगेको जानकारी दिनुभयो। यसअघि धनुषामा चार लाख २५ हजार ५३ मतदाता रहेको थियो। गत मङ्सिर १७ गतेदेखि पुस १८ गतेसम्म दुई चरणमा धनुषाका १६ वटै स्थानीय तहमा फोटोसहितको मतदाता नामावली सङ्कलन अभियान सञ्चालन गरिएको प्रमुख झाले बताउनुभयो। यस्तै अभियानका क्रममा विभिन्न पेशा व्यवसाय गरी बसेका४१३ मतदाताले फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराएकोमा उहाँहरूको नामावली सम्बन्धित जिल्लामा पठाइएको सो कार्यालयले जनाएको छ।

यसैगरी थपिएका मतदातासँगै सिरहामा चार लाख ६ हजार ९७२ मतदाता पुगेको जिल्ला निर्वाचन कार्यालय सिरहाले जनाएको छ। मङ्सिर १७ देखि पुस १८ गतेसम्म जिल्लाका १७ वटै पालिकामा दुई चरणमा सञ्चालन गरेको सो अभियानअन्तर्गत २२ हजार ८३६ र कार्यालयबाट ६ हजार ४४२ गरी कूल २९ हजार २७८ मतदाता थपिएको कार्यालयका प्रमुख इन्दिरा यादवले जानकारी दिनुभयो। गत २०७४ सालको निर्वाचनमा सिरहामा तीन लाख ३२ हजार ८९४ मतदाता रहेको थिए।

# ललिता निवास प्रकरण : सिआइवीले बुझायो सरकारी वकिललाई अनुसन्धान प्रतिवेदन

काठमाडौं, २२ पुस (रासस)।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइवी) ले बालुवाटारस्थित ललिता निवासको जग्गा हिनामिना प्रकरणको किर्ते लिखतका सम्बन्धमा आफ्नो अनुसन्धान सकेर सरकारी वकिलको कार्यालयलाई रायसहितको प्रतिवेदन बुझाएको छ।

विगत दुई वर्षदेखिको अनुसन्धान सकेर बिहीबार छुट्टाछुट्टै चारवटा मुद्दाको प्रतिवेदन बुझाइएको सिआइवीका प्रवक्ता प्रहरी उपरीक्षक श्यामकुमार महतोले जानकारी दिनुभयो। सरकारी लिखत किर्ते फैजदारी कसुर हुने भएकाले यसअघि सिआइवीले ३०० भन्दा बढीलाई अभियुक्त बनाएर अदालतबाट पकाउ पुर्जीको अनुमति ली अनुसन्धान थालेको थियो। सोही अनुसन्धान प्रतिवेदन बिहीबर बुझाइएको हो। उक्त जग्गा प्रकरणमा उच्च पदस्थ व्यलितको संलग्नता रहेको विभिन्न छानविन प्रतिवेदनले देखाएको छ।

सिआइवीको प्रतिवेदनमा कति जना आरोपित छन् र ती कोको हुन भनेर खुलाइएको छैन। "हामीले आवश्यक अनुसन्धान गरेर सरकारी वकिलकोमा बुझाएका छौं", प्रवक्ता महतोले राससससँग भन्नुभयो, "अब आधार, प्रमाणहरु के के छन भनेर सरकारी वकिलको कार्यालयले हेर्छ, अनि मागदावी पुग्ने/नपुग्ने प्रमाण हेरेर अभियोगपत्र दर्ता गर्न मिल्ने भए दर्ता गर्छ।" सरकारी वकिलले बिहीबारै प्रतिवेदन दर्ता गरेर आवश्यक प्रकिया अघि बढेको जनाएको छ।

उक्त मुद्दाको हद म्याद दुई वर्षको हुन्छ। त्यसैले यही पुस २७ गते भित्रमा अदालतमा अभियोगपत्र दर्ता गर्नै पर्छ। हदम्याद नजिक आइसकेकाले बिहीबार प्रहरीले प्रतिवेदन बुझाएको हो। सिआइवीले दुईवर्ष अघिदेखि उक्त घटनाको अनुसन्धान थालेको र चार वटा फरक फरक मुद्दा अघि बढाएको छ। त्यसअघि सिआइवीका प्रहरी उपरीक्षकको नेतृत्वमा गठित छानबिन समितिको आधारमा उसले अनुसन्धान थालेको हो। उक्त समितिले जग्गामा सरकारी लिखित किर्ते भएको निष्कर्षसहितको प्रतिवेदन दिएको थियो।

उक्त घटनामा जम्मा दुई जनालाई मात्रै पकाउ गरिएको छ। ब्यूरोले पुसको पहिलो साता काठमाडौंबाट रामकुमार सुवेदी र उनकी पत्नी माधवी सुवेदीलाई पकाउ गरी अनुसन्धान गरिरहेको छ। यसअघिका प्रतिवेदनले विसं २०४९ देखि २०६९ सम्ममा ललिता निवासको १४३ रोपनी जग्गासम्बन्धी लिखत किर्ते गरी हिनामिना भएको उल्लेख गरेको थियो।

उता अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ललिता निवास प्रकरणमा १७५ जना विरुद्ध उच्च अदालतमा मुद्दा दायर गरिसकेको छ। विसं २०७५ को मन्त्रिपरिषद बैठकको निर्णयअनुसार उक्त मुद्दा सिआइवी र अख्तियारले हेरिरहेको छ।

# पछिल्लो २४ घण्टामा थप ५४० मा कोरोना सङ्क्रमण पुष्टि

काठमाडौं, २२ पुस (रासस)।

देशभर पछिल्लो २४ घण्टामा थप ५४० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

बाह्र हजार ९९ जनाको नमूना परीक्षण गरिएको थियो। सात हजार २०९ जनाले पीसीआर र चार हजार ८९० जनाले एपिटजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा २७१ जना कोरोनाबाट निको भएका छन्। यससँगै निको हुनेको सङ्ख्या आठ लाख १३ हजार ४४७ पुगेको छ। निको हुने दर ९७ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा आठ लाख ३० हजार ४८० र एपिटजेन विधिबाट परीक्षण गरिँदा ९६ हजार ४४५ जना सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ। पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ४९ लाख एक हजार ७४२ र एपिटजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या आठ लाख ४४ हजार ३९४ पुगेको छ। कूलमा सङ्क्रमण दर १६ दशमलव नौ प्रतिशत छ।

कोभिड विरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा एक लाख २० हजार ६५३ रहेको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार ४३१ रहेको छ। पछिल्लो २४ घण्टामा कोरोनाबाट एक जनाको मृत्यु भएको छ। यससँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ६०२ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत रहेको छ। प्रति १० लाख जनसङ्ख्यामा मृत्युदर ३८१ दशमलव नौ रहेको छ।

हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या जम्मा १४ र आइसियूमा ७९ जना रहेका छन्। होम आइसोलेशनमा पाँच हजार ६९, संस्थागत आइसोलेशनमा ३६२ र क्वारेन्टिनमा ११३ रहेका छन्। हाल देशभरमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौं, ललितपुर र भक्तपुर रहेका छन भने २०० भन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली छन्। शून्य सङ्क्रमित रहेका जिल्लामा रसुवा, मनाङ, मुस्ताङ, हुम्ला र मुगु रहेका छन्। उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा एक हजार ३०२, ललितपुर ६२१ र भक्तपुरमा ५५३ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ।

## विश्व समाचार

### भारतमा ओमिक्रोनबाट एकको मृत्यु

नयाँदिल्ली, २२ पुस (रासस/सिन्ह्वा)।

भारतको स्वास्थ्य मन्त्रालयले कोरोनाको घातक भनिएको ओमिक्रोन भेरियन्टबाट एक जनाको ज्यान गएको जनाएको छ। भारतको राजस्थानमा एकजनाको यो भेरियन्टबाट मृत्यु भएको प्रमाणित भएको सो मन्त्रालयले बुधबार जनाएको छ। ती व्यक्ति मधुमेहका दीर्घरोगी रहेका र उनी ओमिक्रोनको उपचारका क्रममा रहेका पनि सो मन्त्रालयले जनाएको छ। यो नै भारतमा ओमिक्रोनबाट भएको पहिलो मृत्यु हो। भारतमा अहिलेसम्म दुई हजार १३५ सङ्क्रमित भएको बताइएको छ।

### कोरोना भाइरसको प्रकोपका कारण चार दिनमा अमेरिकाका तीन हजारभन्दा बढी विद्यालय बन्द

वासिङटन, २२ पुस (रासस/सिन्ह्वा)।

अमेरिकामा जनवरी महिना सुरु भएयताको चार दिनमा मात्र कोरोना भाइरसको प्रकोपका कारण तीन हजारभन्दा बढी विद्यालय बन्द भएका बताइएको छ। यहाँ पछिल्ला केही हप्तायतादेखि कोरोनाका सङ्क्रमित निकै नै बढ्दै गएको देखिएको छ। बुधबारसम्ममा तीन हजार २२९ विद्यालय बन्द भएका बताइएको छ। यहाँका स्वास्थ्य अधिकारीले पछिल्ला हप्तामा अमेरिकामा कोरोना भाइरस बढेकाले विद्यालयमा पनि प्रभाव परेको बताएका हुन्। यहाँ कोरोनाको घातक भेरियन्ट ओमिक्रोन पनि बढ्दै गएको देखिएको छ। न्यु जर्सीमा मात्र कम्तीमा पनि ३२ प्रतिशत विद्यालय बन्द भएका बताइएको छ। त्यस्तै एटलान्टा, मेरिल्याण्ड तथा न्युयोर्कमा महामारीका कारण विद्यालय बन्दै गरिएका बताइएको छ। गएको ११ दिनयता यहाँ कोरोनाका सङ्क्रमित दोब्बरभन्दा पनि बढी देखिएका छन्। जसका कारण यहाँका अरु धेरै क्षेत्रमा पनि बन्द गर्नुपर्ने अवस्था छ भने विद्यालय पनि बन्द भएका बताइएको छ। कोरोनाका कारण अमेरिका विश्वकै सबैभन्दा बढी प्रभाव परेको देश हो। यहाँ अहिले पनि लाखौं सङ्क्रमित भेटिने गरेका छन्।

### भारतमा थप ९० हजार ९२८ कोरोना संक्रमित

नयाँदिल्ली, २२ पुस (रासस/एएनआई)।

भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप ९० हजार ९२८ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले बिहीबार जानकारी दिएको छ। यसैसँगै भारतमा कोरोना सुरु भएदेखि हालसम्म तीन करोड ४९ लाखभन्दा बढी सङ्क्रमित भएका छन्। सोही अवधिमा थप ३२५ को कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। यसैसँगै भारतमा कोरोनाका कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८७ हजार छ पुगेको मन्त्रालयले थप जानकारी दिएको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या दुई लाख ८५ हजार ४१० रहेको छ। गएको २४ घण्टामा भारतमा १९ हजार २०६ कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना सुरु भएयता हालसम्म तीन करोड ४३ लाख ४१ हजार नौलाई कोरोना सङ्क्रमण निको भएकाले कोरोना भाइरस निको हुने दर ९७.८१ प्रतिशत रहेको जनाइएको छ। कोरोना सुरु भएदेखि हालसम्म ६८ करोड ५३ लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ४८ करोड ६७ लाखभन्दा बढी डोज खोप लगाइएको जनाइएको छ।

### प्रदर्शनका क्रममा दर्जनौं प्रदर्शनकारी मारिए

अल्माटी, काजाकिस्तान, २२ पुस (रासस/एएफपी)।

कजाकिस्तानमा प्रहरीले देशको सबैभन्दा ठूलो शहर अल्माटीमा प्रशासनिक भवनमा आक्रमण गर्न खोज्दा रातभरि दर्जनौं प्रदर्शनकारीलाई मारिएको प्रहरीले बिहीबार स्थानीय सञ्चारमाध्यमलाई जनाएको छ। बुधबार राति, चरमपन्थी सेनाले प्रशासनिक भवन, अल्माटी शहर प्रहरी विभाग, साथै स्थानीय प्रहरी चौकी आक्रमण गर्ने प्रयास गरेपछि दर्जनौं आक्रमणकारीलाई मारिएका प्रहरी प्रवक्ता साल्टनाट बताउनु भएको छ। काजकिस्तानका राष्ट्रपति कास्यम जोमार्त तोकायेभले हिजो मन्त्रीपरिषद् विघटन भएको घोषणा गर्नुभएको थियो। मध्यएसियाली मुलुक काजकिस्तानमा देशव्यापी विरोध प्रदर्शन भइरहेपछि उहाँले बुधबार मन्त्रीपरिषद् नै विघटन गर्नुभएको थियो। विद्युतको मूल्य वृद्धि भएपछि त्यसको विरोधमा केही समयदेखि देशव्यापी आन्दोलनका कार्यक्रम भइरहेका थिए। उहाँले देशको सबैभन्दा ठूलो सहर तथा आर्थिक राजधानी अल्माटी र पश्चिमी प्रान्त माङगीस्टाउमा सङ्कटकाल लागू गरिएको घोषणा पनि गर्नुभएको छ। सङ्कटकाल लागू गरिएका दुवै सहर आन्दोलनकारीको बढी प्रभाव रहेको सहर मानिन्छ। हजारौं आन्दोलनकारीले सडकमा उत्रिएर प्रधानमन्त्रीको राजीनामा माग गरेका थिए। प्रधानमन्त्री अस्कर मामिनले दिएको राजीनामा राष्ट्रपति तोकायेभले स्विकृत गर्नु भएको राष्ट्रपति कार्यालयले जनाएको छ। नयाँ प्रधानमन्त्री नियुक्त नहुँदासम्म उपप्रधानमन्त्री अलिखान स्माइलोभले जिम्मेवारी सम्हाल्नु हुने भएको छ।

### उत्तरपश्चिम पाकिस्तान भिडन्तमा दुई सैनिक र दुई आतंकवादी मारिए

इस्लामाबाद, २२ पुस (रासस-सिन्ह्वा)।

पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा सुरक्षा बल र आतङ्कारीबीचको भिडन्तमा दुई सैनिक र दुई आतङ्कारीको मृत्यु भएको सेनाले बुधबार राति एक विज्ञप्तिमार्फत् जनाएको छ। सेनाले आतङ्कवादीको उपस्थितिको सुराकीका आधारमा डेरा इस्माइल खान र दक्षिण वजिरिस्तान जिल्लामा गुप्तचरमा आधारित अपरेसन सञ्चालन गरेको सेनाको मिडिया शाखा इन्टर-सर्भिसेस पब्लिक रिलेसन्सले जनाएको छ। "तीव्र गोलीबारीको क्रममा दुई आतङ्कारी मारिएको, तीन आतङ्कारीलाई पकाउ गरियो र एक आतङ्कवादीले सुरक्षा बल समक्ष आत्मसमर्पण गरेको सेनाले जनाएको छ। साथै आतङ्कवादीसँग लड्दा दुई सैनिकले पनि ज्यान गुमाएका छन्। आतङ्कवादीबाट इम्प्रोभाइज्ड विस्फोटक उपकरण र रकेटसहित हतियार र गोला बारूदको ठूलो परिमाण पनि बरामद गरिएको छ।

# तिलाठीको सबै वडामा आगो ताप्न दाउराको व्यवस्था



**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**
केही दिनयता सप्तरीसहित मुलुकभर चिसो बढेसँगै जनजिवन प्रभावित भएको छ ।
अत्याधिक चिसोका कारण सप्तरीमा एक व्यक्तिको कठ्याग्रिएर मृत्यु भएसँगै स्थानिय तहहरुले चिसोबाट बच्न र बचाउन आगो ताप्नका लागि दाउराको प्रबन्ध मिलाएका छन् ।
यसैक्रममा बिहीबार जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकाले सबै ८ वटै वडामा आगो ताप्नका लागि दाउराको व्यवस्था गरेको हो ।
सो गाउँपालिकाको ८ वटै वडामा बिहीबार प्रहरी प्रशासनको सहयोगमा विभिन्न सार्वजनिक स्थलहरुमा दाउराको व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहले जानकारी दिएका छन् ।

# जापानले कोभिड-१९ रोकथामका लागि पहल गर्ने

काठमाडौँ, २२ पुस (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडा र नेपालका लागि जापानका राजदूत किकुता युताकाबीच भेटघाट भएको छ । मन्त्रालयमा बिहीबार आयोजित भेटमा दुई देशबीच परस्परिक सहयोग र कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि निर्वाह गर्नसक्ने भूमिकाबारे छलफल भएको थियो ।
मन्त्री खतिवडाले कोभिड-१९ निवारणका लागि नेपाललाई आवश्यक सामग्री उपलब्ध गराएकामा जापान सरकारलाई धन्यवाद दिनुभयो ।जापानले नेपाललाई १६० थान अक्सिजन जेनेरेटर, २५ थान ब्लड ग्यास एनालाइजर, २५ थान पोर्टेबल अल्ट्रासाउन्ड इमेज डायग्नोस्टिक सिस्टम र छ थान जापानमा निर्मित एम्बुलेन्स उपलब्ध गराएको थियो । मन्त्री खतिवडाले जापान सरकारले कोभिड-१९ महामारीको रोकथामका साथै जनताको रक्षा, जीविकोपार्जन र महामारीपछिको आर्थिक पुनरुत्थानका लागि नेपाललाई प्राथमिकता दिएको उल्लेख गर्नुभयो ।
उहाँले नेपाल-जापानबीचको सम्बन्धलाई अझ सुदृढ बनाउन राजदूत युताकाबाट निर्वाह भएको भूमिकाको प्रशंसा गर्दै दुई देश र जनताको पारस्परिक हितका लागि मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो ।
आगामी दिनमा पनि जापान सरकारबाट नेपालको स्वास्थ्य क्षेत्रमा निरन्तर सहयोगको अपेक्षा गर्दै मन्त्री खतिवडाले पूर्वाधार विकास, गरिबी निवारण, कृषि, साना तथा मझौला उद्यमलाई सहयोग, जनस्वास्थ्य तथा शिक्षाको सुधार, मानव संशाधनको विकासलगायत क्षेत्रमा महत्वपूर्ण जापान सरकारको निरन्तर सहयोग रहदै आएको छ भन्नुभयो ।
राजदूत युताकाले कोभिड-१९ को नियन्त्रणमा आफूहरूले सहयोग गर्दै आइरहेको र फेरि पनि सहयोग गर्न तयार रहेको बताउनुभयो । उहाँले यसअघि जापान सरकारले नेपाललाई कोभ्याक्स सुविधाअन्तर्गत २० करोड अमेरिकी डलर बराबरको खोप उपलब्ध गराउनाका साथै अहिले ८० करोड अमेरिकी डलर उपलब्ध गराउने प्रतिबद्धता जनाएको जानकारी गराउनुभएको बताइएको थियो ।

# प्रधानमन्त्रीको भारत भ्रमण रद्द

काठमाडौँ, २२ पुस (रासस) ।
प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण रद्द भएको छ । भारतमा कोरोना सङ्क्रमण बढेकाले प्रधानमन्त्रीको भ्रमण रद्द भएको हो ।
प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा उहाँको गृहराज्य गुजरातमा यही पुस २६ देखि २८ गतेसम्म आयोजना हुने भनिएको “गुञ्जायमान गुजरात” विषयको विश्वस्तरीय सम्मेलनलाई प्रधानमन्त्रीले सम्बोधन गर्ने कार्यक्रम थियो ।
“अहिलेको असहज परिस्थितिका कारण गुजरात ग्लोबल समिट स्थगन गरिएको जानकारी प्राप्त भएकाले सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणको कार्यक्रम रद्द भएको छ,” प्रधानमन्त्रीका स्वकीय सचिव भानु देउवाले राससलाई भन्नुभयो ।
बाह्य लगानी आकर्षित गर्ने उद्देश्यले गुजरातका तत्कालीन मुख्यमन्त्री नरेन्द्र मोदीले प्रारम्भ गर्नुभएको उक्त सम्मेलनको १०औँ शृङ्खलामा प्रधानमन्त्री देउवासहित विभिन्न मुलुकका राष्ट्राध्यक्ष एवं सरकारप्रमुखहरुले भाग लिने कार्यक्रम थियो ।

# उखुको मूल्य प्रति मेट्रिकटन ५ सय ९० कायम

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**
मन्त्रिपरिषद बैठकबाट सरकारले उखुको मूल्य प्रतिमेट्रिक टन ५९० कायम गरेको छ ।
उखुको मूल्य निर्धारणको प्रस्ताव उधोग, वाणिज्य तथा आपूर्ती मन्त्रालयले मन्त्रिपरिषद प्रस्ताव लगेको थियो ।
कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उखु किसान र चिनी उधोगीबीच छलफल गरेर उधोग मन्त्रालयमा मूल्य निर्धारणको सिफारिस गरेको थियो ।
किसानले भने ६५० रुँपैयाँ प्रति मेट्रिक टन माग गर्दै आएका छन । उधोगीहरुले भने ५८० रुपैयाँ मेट्रिकटन हुनुपर्ने अडान राख्दै आएका थिए ।
उखुको मूल्य निर्धारण नहुँदै उखु किसानले चिनी मिलमा आफ्नो उखु दिन सुरु गरेका थिए । मूल्य निर्धारणमा ढिलो भएको भन्दै किसानहरुले आन्दोलन सुरु गरेको छ ।

# राष्ट्रियसभा निर्वाचनका लागि सत्तारुढ गठबन्धनको समन्वय समिति

काठमाडौँ, २२ (रासस) ।
सत्तारुढ गठबन्धनले आसन्न राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रचारप्रसार र व्यवस्थापनका लागि समन्वय समिति बनाउने भएको छ ।
सत्तारुढ पाँच दलीय उच्चस्तरीय संयन्त्रको प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार बसेको बैठकले सो निर्णय गरेको हो ।
बैठकमा राष्ट्रियसभा सदस्य निर्वाचनको सन्दर्भमा छलफल भएको र गठबन्धनका तर्फबाट प्रचार र व्यवस्थापनका लागि सातै प्रदेशमा पाँचै दलका प्रतिनिधिसहितको समन्वय समिति बनाएर अघि बढ्ने निर्णय भएको नेकपा (एकीकृत समाजवादी) का महासचिव बेदुराम भुसालले जानकारी दिनुभयो । सो निर्वाचनमा गठबन्धनले यसअघि नै साझा उम्मेदवारी तय गरी उम्मेदवारको मनोनयनपत्र दर्ता गरिसकेको छ ।
यसैगरी बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाको आसन्न भारत भ्रमणका सम्बन्धमा छलफल भएको थियो । गठबन्धनका नेताहरूले प्रधानमन्त्री देउवालाई अनुकूल भएमा नेपालको राष्ट्रियता, जनसरोकारलगायत विषयमा भारतसँग कुरा राख्न सुझाव दिनका साथै र भ्रमण सफलताको शुभकामना दिनुभएको उहाँले बताउनुभयो । बैठकमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको प्रगतिको अवस्थाबारेसमेत कुरा भएको थियो ।
नेपाली कांग्रेसका तर्फबाट संयन्त्रका संयोजक वरिष्ठ नेता रामचन्द्र पौडेल, नेता कृष्णप्रसाद सिटौला, सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेता नारायणकाजी श्रेष्ठ र अर्थमन्त्री जनार्दन शर्मा, नेकपा समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाल, महासचिव भुसाल, जनता समाजवादी पार्टी नेपालका सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई, पार्टी अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेललगायत सहभागी हुनुहुन्थ्यो ।

# श्रोत नखुलेको ३८ लाख रकमसहित युवक पक्राउ

धनुषा, २२ पुस (रासस) ।
धनुषामा स्रोत नखुलेको रु ३८ लाख ३५ हजारसहित एक युवक बिहीबार पक्राउ परेका छन् ।
पक्राउ पर्नेमा लक्ष्मीनियाँ गाउँपालिका-१ सिनुरजोडाका २३ वर्षीय अमितकुमार यादव रहेका छन् ।
भारतबाट नेपाल आउँदै गरेको अवस्थामा यादव नगराइन नगरपालिका-२ बाट स्रोत नखुलेको रकमसहित पक्राउ परेको प्रहरी नायब महानिरीक्षक गणेश ठाडाले जानकारी दिनुभयो ।
प्रदेश-२-०२००१प ०४८०८ नंको मोटरसाइकलको टचाङ्कीभित्र लुकाएर ल्याउँदै गरेको सो रकम प्रहरीले बरामद गरेको हो । पक्राउ परेका यादवमाथि थप अनुसन्धान भइरहेको छ । उनी हुण्डी कारोबारी हुनसक्ने प्रहरीको आशङ्का छ ।

*ग्लोबल बैंक र ...*

समझदारीपत्रमा नगरपालिकाले नगरको विभिन्न स्थानमा फ्रि वाईफाई जडान गन तथा बैंकले नगरको विभिन्न क्षेत्रमा रहेको पसल, उद्योग, हाटबजार र माछा हटिया लगायतका स्थानमा खाता खोलि क्युआर कोड र पिओएस मेशिन प्रदान गर्ने रहेको छ ।
यस्तै बैंकले नगर क्षेत्रका लागि नगरपालिकाको सहकार्यमा ३० वटा डस्टबिन प्रदान गर्ने लगायतको भएको समझदारीले नगरवासीले डिजिटल सेवाको सहज रुपमा प्रयोग गर्न पाउनुका साथै सहसरसफाई र नगरको विकासमा टेवा पुग्ने विश्वास गरिएको छ ।


महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो ।
त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् ।
कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*